माडी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बसन्तपुर, चितवन

बागमती प्रदेश, नेपाल

स्थानीय राजपत्र

माडी नगरपालिकाद्वारा प्रकाशित

खण्ड (६), साल २०७५ माघ महिना २३ गते, संख्या ५

भाग - २

वन्यजन्तुको आक्रमणबाट मृत्यु भएका नागरिकलाई राहत उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७५

CamScanner

वन्यजन्तुको आक्रमणबाट मृत्यु वा घाईते भएका नागरिकलाई राहत उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७९

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम वन्यजन्तुको आक्रमणबाट मृत्यु वा घाइते भएका नागरिकलाई राहत उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७९ रहनेछ ।

(२) यो कार्यविधि माडी नगरपालिकाले राजपत्रमा प्रकाशित गरे पश्चात लागु हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा,

(क) "वन्यजन्तु" भन्नाले हात्ती, बाघ, गैँडा, बँदेल, भालुलाई जनाउँछ ।

(ख) "मृतक वा घाईते" भन्नाले हात्ती, बाघ, गैँडा, बँदेल, भालु लगायत वन्यजन्तुको आक्रमणबाट मृत्यु वा अङ्गभङ्ग भएका व्यक्तिहरूलाई सम्झनु पर्छ ।

(ग) "कार्यपालिका" भन्नाले माडी नगरपालिका नगर कार्यपालिकालाई सम्झनु पर्छ ।

(घ) "राहत" भन्नाले बाघ, गैँडा, बँदेल, भालु लगायत वन्यजन्तुको आक्रमणबाट मृत्यु भएका व्यक्ति वा सोको परिवारलाई माडी नगरपालिकाले उपलब्ध गराउने राहत सम्झनु पर्छ ।

(ङ) "परिवार" भन्नाले बाघ, गैँडा, बँदेल, भालु लगायत वन्यजन्तुको आक्रमणबाट मृत्यु भएका व्यक्तिको आफ्नै आमा बाबु श्रीमान् श्रीमती छोरा छोरीलाई सम्झनु पर्छ ।

CamScanner

(च) "सन्तान" भन्नाले बाघ, गैँडा, बँदेल, भालु लगायत वन्यजन्तुको आक्रमणबाट मृत्यु भएका व्यक्तिको आफ्नै छोरा वा छोरीलाई सम्झनु पर्छ ।

(छ) "नागरीक" भन्नाले माडी नगरपालिका भित्र स्थायी रूपले बसोबास गर्ने नेपाली नागरिकलाई जनाउँछ ।

३. राहत उपलब्ध गराइने: (१) माडी नगरपालिका क्षेत्र भित्र वन्यजन्तुको आक्रमणबाट कुनै नागरिकको मृत्यु भएमा नीजको परिवारलाई देहाय बमोजिम राहत उपलब्ध गराइने छ ।

(क) राहत स्वरूप नगद रू.२,००,०००।- (अक्षेरूपी दुई लाख रूपैयाँ मात्र)

(ख) मृतकको सन्तानलाई १८ वर्ष नपुगेसम्म माडी भित्रका सामुदायिक विद्यालयमा नि:शुल्क शिक्षाको ब्यबस्था मिलाइने छ ।

(ग) घाईते भएका ब्यक्तिलाई उपचार खर्च स्वरूप अधिकतम रू.२०,०००।- (अक्षरेपी बीस हजार) उपलब्ध गराईने छ ।

४. राहत उपलब्ध गराउने प्रकृया : (१) माडी नगरपालिका क्षेत्र भित्र वन्यजन्तुको आक्रमणबाट कुनै नेपाली नागरिकको मृत्यु भएमा कार्यविधिको दफा (३) बमोजिमको राहत उपलब्ध गराउन देहायका प्रकृया अपनाउनु पर्नेछ ।

(क) वडा कार्यालयमा निवेदन दिने,

(ख) वडाको सिफारिस सहित नगर कार्यपालिकाको कार्यालयमा पेश गर्ने,

(ग) घाईतेको हकमा स्वास्थ्य संस्थाको बिल भरपाई पेश गर्ने,

(घ) नगरपालिका कार्यालयले निर्णय गरि राहत रकम उपलब्ध गराउने

CamScanner

(२) दफा (४) को उपदफा (१) बमोजिम निवेदन दिँदा देहायका कागजातहरू पेश गर्नुपर्नेछ ।

(क) नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी,

(ख) प्रहरीको मुचुल्का,

(ग) मृतकको हकमा पोष्टमार्टम रिपोर्ट,

५. कार्यविधिको पालना गर्नुपर्ने : माडी नगरपालिका क्षेत्र भित्र वन्यजन्तुको आक्रमणबाट कुनै नपाली नागरिकको मृत्यु भएमा नगरपालिकाले राहत उपलब्ध गराउन यसै कार्यविधिको पालन गर्नु पर्नेछ ।

६. परिमार्जन तथा संशोधन : माडी नगरपालिका नगर कार्यपालिकाले यस कार्यविधिको परिमार्जन तथा संशोधन गर्न सक्नेछ ।

७. विविध : यो कार्यविधिमा जुन सुकै कुरा उल्लेख भएता पनि मिति २०७९ श्रावण १ गते पछि वन्यजन्तुको आक्रमणबाट मृत्यु भएका ब्यक्तिका परिवारलाई राहत उपलब्ध गराउन भने कुनै बाधा पर्ने छैन ।

आज्ञाले,

पुष्पराज ढकाल

प्रमुख प्रशासकीय अधिकृत

CamScanner